Downloaded From : https://cbseportal.com/papers

# Nepali (Code: 124)
## Class – XII
## 2024-2025
## SAMPLE QUESTION PAPER

Time Allowed-3 Hrs | Full marks-80

सामान्य निर्देशन –

- यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ - भाग एक अनि भाग दुई ।
- भाग एकमा जम्मा दुईवटा मूल प्रश्नहरू(प्रश्न 1 र 2 ) सोधिएका छन् जस अन्तर्गत 20 वटा वहुवैकल्पिक वस्तुपरक प्रश्नहरू रहेका छन् ।
- भाग दुईमा 16 वटा वर्णनात्मक प्रश्नहरू (प्रश्न 3देखि 18 ) सोधिएका छन् जसअन्तर्गत आन्तरिक विकल्पहरू पनि दिइएका छन ।
- प्रत्येक प्रश्न संख्यमा दिइएको निर्देशनलाई पालन गर्दै सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् ।

| प्रश्न संख्या | **भाग – एक**<br>**वस्तुपरक प्रश्नहरू (व्याकरण र छन्द अलङ्कार)** | **अंक** |
|---|---|---|
| **1** | **निम्नलिखित वहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् ।** | **12x1=12** |
| ii | अलङ्कारको मुख्य काम काव्यको अर्थमा ……… बढ़ाउनु हो ।<br>A. अङ्ग<br>B. अंक<br>C. रमणीयता<br>D. असौन्दर्य | |
| ii | शब्द अलङ्कारले ……. महत्त्व दिन्छ ?<br>A. वर्णलाई।<br>B. वाक्यलाई।<br>C. अर्थलाई।<br>D. शब्दलाई। | |
| iii | अलङ्कारले थोरै शब्दमा धेरै ……… प्रकट गर्न सक्छ ।<br>A. वर्ण।<br>B. ढ़ङ्ग।<br>C. अक्षर।<br>D. भाव। | |
| iv | "आँखा मृगका झैं चञ्चल छन्"। यस भनाईमा कुन शब्द उपमान हो ।<br>A. आँखा।<br>B. मृग।<br>C. झैं।<br>D. चञ्चल। | |
| v | एउटै शब्दमा ……. अर्थ लुकेको भए श्लेष अलङ्कार हुन्छ ?<br>A. एक<br>B. समान<br>C. अनेक<br>D. विवेक | |
| vi | उपमेय भनेको ……. गरिएको वस्तु हो भने उपमान भनेको तुलना गर्न बाहिरबाट ल्याएको वस्तु हो।<br>A. दाल। | |

Download FREE CBSE E-BOOKS
FREE!
CLICK HERE

Downloaded From : https://cbseportal.com/papers

| | | |
|---|---|---|
| | B. वरदान।<br>C. तुलना।<br>D. कल्पना। | |
| vii | छन्दलाई असल ढङ्गले अघि सार्ने काम ऋषि पिङ्गलले गरेका हुनाले यसलाई .......शास्त्र पनि भनिन्छ ।<br>A. ऋषि।<br>B. पिङ्गल।<br>C. वेद।<br>D. धर्म। | |
| viii | छन्दमा रचिएको कवितामा चरणको अन्तिम वर्ण आवश्यकता अनुसार ........ हुन्छ ।<br>A. लघु।<br>B. लघु गुरु दुवै।<br>C. ह्रस्व।<br>D. गुरु। | |
| ix | वार्णिक छन्दमा कति वर्णको एक गण हुन्छ ?<br>A. चार।<br>B. पाँच।<br>C. तीन।<br>D. दुइ। | |
| x | ऽ ऽ । भए ....... गण हुन्छ ।<br>A. म।<br>B. स।<br>C. त।<br>D. भ। | |
| xi | "रसिलो भरिलो मधु जीवनको,<br>अति मान यहाँ मनु मानवको।<br>समतुल्य कहीँ यस जीवनमा,<br>अहँ छैन कतै अनुकूल छ यो।।"<br><br>**उक्त पंक्ति कुन छन्दमा रचिएको छ ?**<br>A. तोटक।<br>B. शिखरिणी।<br>C. अनुष्टुप।<br>D. उपमा। | |
| xii | ........ कविता भावपूर्ण, लयपूर्ण र मिठो हुन्छ।<br>A. छन्दोबद्ध।<br>B. छन्दोभङ्ग।<br>C. छन्दविहीन।<br>D. छन्दशून्य। | |
| **2** | **निम्नलिखित काव्यांश राम्ररी पढ्नुहोस् अनि सोधिएका वहुवैकल्पिक प्रश्नहरूमध्ये कुनै दसवटाका सही विकल्प चुनेर लेख्नुहोस् -** | **8x1=8** |
| | राम झैं रवि जानाले कोल्टामा मन्द भैकन ।<br>जान-की पद्मिनी हर्न खडा भो हिम-रावण ॥<br>विहोश भै - ढली - हाली पद्मिनी विकलाऽऽकृति ।<br>होशमा किन घुस्रन्थी अर्काका काखमा सती ?<br>दुष्टले पद्मिनी कान्ता हर्नाले विरहाऽऽतुर ।<br>दोस्रो राम - सरी सूर्य बने मालिन्य - मन्दिर ॥ | |



Downloaded From : https://cbseportal.com/papers

| | | |
|---|---|---|
| | समातेर धनू राशि राम - रूप - दिवाकर ।<br>सीताऽऽपुर हुँदै ज्यादै जाँदैछन् की उँधो - तिर ?<br>एतावता बढयो जाडो, थाल्यो त्यो हिम वर्षन ।<br>बिलायो कमल - श्रेणी, पुगे श्रीसूर्य दक्खिन ॥<br>दु:ख दुर्भाग्यको धारो ठण्डीका उग्र - रूपमा ।<br>खनिँदो छ कठै ! राती लगातार गरीबमा ॥<br>दु:खीका दु:खको याद भये - देखी अलीकति ।<br>दैवले सब उल्टन्थ्यो तत्कालै सृष्टि-पद्धति ॥ ७८<br>दु:खी गरीबका लेखा नख - देखी शिखा - तक ।<br>चर्चरी चिरने पापी हेमन्तै घोर नारक ॥<br>रातमा घुसदा शीत दु:खीका भित्र आँतमा ।<br>दाँतको झगडा हुन्छ को जाने कुन बातमा ॥<br>कन्था बिकामका भद्दा थाङ्नामा मस्त भैकन ।<br>हालका कविजी जस्तै लागे गरिब खुम्चिन ॥<br>कालो तरङ्ग - सङ्कीर्ण दह झैं पान्थको मन ।<br>फोरी नयनको बाँध लाग्यो साहै छचल्किन ॥<br>घडी - तुल्य पला लाग्छन्, वर्ष - तुल्य घडी सब ।<br>दु:खी दाहा किटी भोग्छ रातको शीत गौरव ॥<br>खुम्च्याउँछन् सबैलाई काला दीर्घ विभावरी ।<br>कठै ! घोर अविद्याका गह्रुङ्गा गठरी - सरी ॥<br>जुन रात - विष हुन्छ दु : खीको प्राण - संशय ।<br>सुखीलाई उनै रात सुधाका लहरी - मय ॥ | |
| i | उक्त काव्यांशमा कुन खण्डकाव्यबाट उद्घृत गरिएको हो ?<br>A. ऋतु संहार ।<br>B. ऋतु विचार ।<br>C. ऋतु राग ।<br>D. ऋतु वर्णन ।  | |
| ii | यस खण्डकाव्यका रचयिता के हुन् ?<br>A. आदिकवि भानुभक्त आचार्य।<br>B. महाकवि लक्ष्मीप्रसाद देवकोटा ।<br>C.नाटक सम्राट बालकृष्ण सम ।<br>D.कविशिरोमणि लेखनाथ पौड्याल । | |
| iii | यस ऋतुमा रामलाई कोसँग तुलना गरिएको छ ?<br>A. हिमाल।<br>B. शशी ।<br>C. रवि।<br>D. रावण। | |
| iv | यस ऋतुमा किन कमलका फूलहरू बिलाउँछन्?<br>A. हावा चलेर।<br>B. घाम लागेर ।<br>C. हिउँ परेर ।<br>D. पोखरी तातेर। | |
| v | यस ऋतुले कसको लागि दुर्भाग्य लिएर आएको हुन्छ?<br>A. सुखी-घनी।<br>B. दुखी-सुखी ।<br>C. धनी-गरीब ।<br>D. गरीब-दुखी। । | |
| vi | **'दु:खी गरीबका लेखा नख - देखी शिखा - तक ।** | |



Downloaded From : https://cbseportal.com/papers

| | | |
|---|---|---|
| | **चर्चरी चिरने पापी हेमन्तै घोर नारक'**<br>उक्त पद्यमा '**नख - देखी शिखा – तक**' भनेको के हो ?<br>A. खुट्टादेखि अनुहारसम्म ।<br>B. नदीदेखि सागरसम्म।<br>C. नङदेखि टुप्पीसम्म ।<br>D. पूर्वदेखि पश्चिमसम्म । | |
| vii | '**दाँतको झगड़ा हुन्छ**' यहाँ कविले के भन्न चाहेका हुन् ?<br>A. भनाभन गरेर झगड़ा गर्नु।<br>B. टोकाटोक गरेर झगड़ा गर्नु।<br>C. जाड़ोले दाँत कट्कटाउनु ।<br>D. खाना चपाउदा दाँत ठोकिन्छ। | |
| viii | दुःखीका लागि हेमन्तका रात ............ झैं लाग्छन् ।<br>A. घड़ी तुल्य पला ।<br>B. पला तुल्य घड़ी।<br>C. घड़ी तुल्य वर्ष ।<br>D. सुधा तुल्य घड़ी । | |
| | **भाग – दुई**<br>**वर्णनात्मक प्रश्नहरू** | |
| **3** | **निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस् (कुनै पाँच मात्र )-** | **2x5=10** |
| i | जुनेली रेखा उपन्यासकी मूल पात्राको नाम के हो? उसको लोग्नेको मृत्यु कुन कारणले भएको थियो ? | |
| ii | जसेलाई हट्टाबाहर गर्नुमा अंग्रेज बड़ासाहबको के स्वार्थ लुकेको थियो ? | |
| iii | हट्टाबाहर भएर जसेले कहाँ-कहाँ के-के गरेर जीवनयापन गऱ्यो? | |
| iv | पुतलीले राघे बिरालोको पञ्जाबाट भागेको दृश्यबाट मालिनीले के शिक्षा पाई ? | |
| v | जुनेली रेखा उपन्यासमा कसको कारणले गर्दा कहाँका गरीब मजदुरहरूले दुःख-कष्ट भोग्नुपरेको छ ? | |
| **4** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस् -** | **2x3=6** |
| i | लेखनाथ पौड्यालले रचेका कुनै दुई कृतिका नाम लेख्नुहोस् ? | |
| ii | नेपाली साहित्यका शेक्सपियर भनेर कसलाई जानिन्छ ? उनले कति वर्षको उमेरदेखि कविता लेख्न थालेका हुन् ? | |
| iii | पारिजातको जन्म कहाँ अनि कहिले भएको थियो ? | |
| | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **5** | 'किन्तु नारी एकमात्र पत्नी नै त होइन, त्यो पत्नी बाहेक केही हो, बहिनी हो, दिदी हो, बुहारी हो, भाउज्यू हो, आमा हो र यी सबैभन्दा नारी मूर्तिमान ममता हो।'<br><br>-उक्त गद्यांशमा नारीका कुन-कुन रूप देखाउन खोजिएको छ ? | **2** |
| **6** | नारीको कुन रूपलाई सबभन्दा श्रेष्ठ मानिएको छ ? किन ? | **2** |
| **7** | यात्रीले सानीलाई भान्सा पकाउनका निम्ति के-के ल्याउन लगायो ? | **3** |
| **8** | रूपको मूल्य कथामा रानु र विमलको भित्री रुपमा के फरक थियो ?<br>**अथवा**<br>रूपको मूल्य कथाको अन्तमा "प्रमोद र सानी बज्यै मरे जस्ता भए। बारी हरियो थियो" भनेर लेखकले के प्रष्ट पार्न चोहेका हुन्? | **3** |
| **9** | उज्यालीको मनमा कस्तो पीड़ा लुकेको थियो? त्यो पीड़ा कसको माध्यमबाट पोख्न पाई ? | **3** |
| | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् -** | |
| **10** | हाड हाड अंग्रेजी भनेर देवकोटाले हामीलाई के भन्न चाहेका हुन ? | **2** |



Downloaded From : https://cbseportal.com/papers

| | | |
|---|---|---|
| **11** | तिहारको कुन दिन सयपत्री फूलको महानता सर्वोकृष्ट हुन्छ? किन ? | **2** |
| **12** | सयपत्री फूल र नेपाली जातिमा के समानता छ ? | **4** |
| | **निम्न प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।** | |
| **13** | संसारमा नाटक उत्पतिको श्रेय किन ती आदिम मानवहरूलाई जान्छ ? | **2** |
| **14** | नीतिशा को हुन् ? उनी कलमको माध्यमले के-को विरोध गर्न चाहन्छिन् ? | **3** |
| **15** | निरीक्षकले नीतिशाको कलम भाँचिदिएपछि कसरी अत्याचारको विरोध गर्ने घोषणा गरिन् ? | **3** |
| **16** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस् -** | **3x2=6** |
| i | नेपाली भाषालाई किन साझा भाषा भनिएको हो ? | |
| ii | नेपाली भाषामा रचिएको पहिलो र दोस्रो कृति कुन-कुन हो ? | |
| iii | विजय मल्ल र पारिजातका एक-एकवटा उपन्यासका नाम लेख्नुहोस् ? | |
| **17.** | तल दिइएको **कुनै एक** विषयमा लगभग १५० शब्दहरूको निबन्ध लेख्नुहोस् ।<br>• चलभाष (मोबाइल)-को लाभ र हानि।<br>• जी २० सम्मेलन ।<br>• खेलकूदको महत्व । | **5** |
| **18** | मातृभाषाको महत्त्व जनाउँदै अमेरीकामा पढ्ने भाइलाई पत्र लेख्नुहोस् ।<br>**अथवा**<br>आफ्नो विद्यालयमा आपदा सचेतना कार्यक्रम आयोजित गरिदिने माग गर्दै आपदा विभागका, निर्देशकलाई एउटा निवेदन पत्र लेख्नुहोस् । | **5** |

